**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २३ मई २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. लोकसभा चुनावको छैटौं चरणको प्रचार आज समाप्त भएको छ। आगामी मे २५ तारीखको दिन मतदान।
२. प्रधानमंत्री नरेरन्द्र मोदीले ईण्डी गठबन्धनले देशलाई होइन तर आफ्नो परिवारलाई प्राथमिकमा दिने गरेको आरोप लगाउनु भएको छ।
३. पश्मिच बंगालमा ओ.बी.सी आरक्षणमाथि कोलकाता हाई कोर्टको आदेशपछि भारतीय जनता पार्टीले मुख्य मंत्री ममता व्यानर्जीको कड़ा आलोचना गरेको छ।
४. भगवान बुद्धको २५६८ औं जन्म जयन्ती बुद्ध पूर्णिमा आज भारत लगायत विदेशमा पनि श्रदापूर्वक मनाईन्दैछ।
५. बंगालको खाडत्रीमा उठेको चक्रवात तुफान रूमेल विस्तारै तीव्र बन्दै पश्चिम बंगाल अनि इंगलादेशको तटीय क्षेत्रहरू , तर्फ अघि बढ़न थालेको छ।

<u>छैठौ चरण-प्रचार</u>

लोकसभा चुनावको **छैठौ** चरणको प्रचार आज समाप्त भएको छ। यस चरणमा आठ राज्यहरुको 58 निर्वाचन-छेत्रहरुमा आगामी शनिवार 25 मई को दिन मतदान हुनेछ। जसमा बिहारको आठए हरियाणाको सबै दश सीट, जम्मू-कश्मीरको एक, झारखण्डको चार, दिल्लीको सबै सात सीट, ओडिसाको छ, उत्तर प्रदेशको 14 अनि पश्चिम बंगालको आठ सीट सामेल छन्। यी 58 लोकसभा सीटमा कुल आठ सय 89 उम्मीदवार मैदानमा छन् । मतदान बिहान सात बजे देखि साझ छ बजे सम्म हुनेछ।

****** ० ******

**<u>प्रधानमंत्री- हरियाणा रैली</u>**

प्रधानमंत्री अनि भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेंद्र मोदीले आरोप लगाउनुभएको छ कि आई.एन.डी.आई.ए. गठबंधनले देशलाई होइन तर आफ्नो परिवारलाई प्राथमिकता दिंदछ। हरियाणाको महेंद्रगढ़मा चुनावी रैलीलाई संबोधित गर्नुहुदै - विपक्षी गठबंधन पहिलो पांच चरणमानै चुनाव हारी सकेको र त्येसैले डेटा अनि ईवीएम माथि प्रश्न उठाउनुको साथै विभिन्न आधारहीन आरोपहरुको सहारा लिन शुरू गरेको श्री मोदीले दावी गर्नुभयो । उहाले कांग्रेस पार्टीको आलोचना गर्दै कांग्रेसले पूर्व सैनिकहरुलाई दशकौसम्म वन रैंक वन पेंशन बाट वंचित राखेको अनि धोखा दिएको आरोप लगाउनुभयो। उहाको सरकारले यस योजनालाई लागू गर्न 1 लाख 25हजार करोड़ रुपियाँ भन्दा अधिक खर्च गरिएको श्री मोदीले अझ बताउनुभयो । कांग्रेस नेता राहुल गांधीले हिज महेन्द्रगढमा एक रैलीलाई संबोधित गर्दै अग्निवीर योजनाको आलोचना गर्नुभएको थियो। आई.एन.डी.आई.ए. गठबन्धन सत्तामा आए यस योजनालाई रद्द गनिने उहाले बताउनुभएको थियो।

****** ० ******

**<u>पश्चिम बंगाल-जेपी नड्डा</u>**

पश्चिम बंगालमा व्ठब आरक्षणमाथि कलकत्ता हाई कोर्टको ताजा आदेशपछि भारतीय जनता पार्टीले मुख्यमन्त्री ममता ब्यानर्जीको कडा आलोचना गरेको छ। भाजपाले ममता ब्यानर्जीमाथि मुस्लिम लीगको एजेन्डालाई प्रोत्साहन दिएको आरोप लगाएको छ।आज भाजपा अध्यक्ष जेपी नड्डाले एक्स ह्यान्डलमा - कलकत्ता हाई कोर्टले ओबीसी कोटा उपश्रेणी अन्तर्गत मुसलमानहरूलाई दिएको ओबीसी आरक्षणलाई निरस्त गरिदिएको बताउनुभएको छ। हाई कोर्टले बर्ष २०१० देखि २०२४ सम्म पश्चिम बंगालमा मुसलमानहरूलाई जारी गरिएको ओबीसी प्रमाणपत्र पनि निरस्त गरिदिएको छ। । प्रधानमन्त्री नरेन्द्र मोदीले यस चुनाउमा स्पष्ट शब्दहरूमा कसरी अहंकारी गठबन्धनले तुष्टीकरणको नीति अन्तर्गत संविधानको खिल्ली उडाइरहेको छ भन्ने

बताउनुभएको उहाले अझ बताउनुभयो। हाई कोर्टको निर्णयपछि ममता ब्यानर्जीले यस निर्णयलाई नमान्ने बताएका छन्। संविधानमा धर्मको आधारमा आरक्षण दिन सकिन्छ। कांग्रेस नेता राहुल गाँधीले संविधानको कपी लिएर घुमिरहेका छन् तर यस विषयमा चुप छन्। यस्ता व्यक्तिहरूलाई जनताले पाठ पढाउने छ भनि उहाले अझ बताउनुभएको छ।

****** ० ******

**मिदनापुर हिंसा**

पूर्व मिदनापुर जिल्लाको नन्दीग्राम क्षेत्रमा हिज राती भारतीय जनता पार्टीका कार्यकर्ताहरूमाथि गरिएको प्राणघातक आक्रमणको घटनालाई लिएर आज बिहानदेखिनै उग्र प्रदर्शन भइरहेको छ। कथित तृणमूल समर्थित अपराधीहरूको आक्रमणमा परेर भाजपाका एकजना महिला नेताको मृत्यु अनि अन्य सातजना घाइते भएको घटना पछि आक्रोशित भाजपाका हजारौं कार्यकर्ताहरूले सड़कमा उत्रिएर विरोध प्रदर्शन गरिरहेका छन्। नन्दीग्रामका सबै राजमार्गहरूलाई भाजपा कार्यकर्ताहरूले जाम गरिदिएका छन् भने सड़कहरूमा टायर बालेर नाराबाजी गरिरहेका छन्।भाजपा कार्यकर्ताहरूले स्थानीय थानाको घेराउ गर्नका साथै पुलिसमाथि आक्रमणकारीहरूलाई बचाएको आरोप लगाएका छन्। सयभन्दा अधिक वाहनहरूलाई सड़कका दुवैतिर रोकिएको छ। पुलिस अधिकारीहरूले विरोध प्रदर्शन गरिरहेका मानिसहरूलाई सम्झाउने प्रयास गरेता पनि सफल हुन सकेनन्। त्यसपछि जिल्लाधिकारीको निर्देशमा कानून व्यवस्था सुनिस्चित गर्न केन्द्रिय बललाई तैनाथ गरिएको छ। तृणमूल कंग्रेसलाई यस क्षेत्रमा आफ्नो हार हुने अनुभूति भएपछि पुलिससित मिलेर भाजपा नेताको हत्या गरिएको नेता प्रतिपक्ष शुभेन्दु अधिकारीले आरोप लगाएका छन्। वर्ष २०२१ को विधानसभा चुनाउमा शुभेन्दु अधिकारीले यहाँबाटनै मुख्यमन्त्री ममता ब्यनर्जीलाई परास्त गरेका थिए।

****** ० ******

**तृणमूल राज्यपाल**

लोकसभा चुनाव अन्तगर्त छैठौ चरणको मतदान अघि एक पटक पुन पश्चिम बंगालका सत्तारूढ़ पार्टी तृणमूल कांग्रेसले राज्यपाल विरुद्ध शिकायत गरेको छ। कोलकाताको एक कार्यक्रममा राज्यपालले भाजपाको चुनाव चिन्ह भएको लोगो लगाएका थिए र यो चुनावी आदर्श आचार संहिताको उल्लंघन रहेको भन्दै राज्यपाल सीवी आनंद बोस विरुद्ध तृणमूल कांग्रेसले चुनाव आयोगलाई एक पत्र लेखेको छ।

****** ० ******

**राष्ट्रपति- उपराष्ट्रपति - बुद्ध पूर्णिमा**

भगवान बुद्धको २५६८ औं जन्म जयन्ती- बुद्ध पूर्णिमा आज भारत लगायत विदेशमा पनि श्रदापूर्वक मनाईन्दैछ। राष्ट्रपति द्रौपदी मुर्मु अनि उप-राष्ट्रपति जगदीप धनखड़ले तथा प्रधानमंत्री नरेन्द्र मोदीले यस अवसरमा देशवासिलाई शुभकामना दिनुभएको छ।राष्ट्रपति मुर्मुले भन्नुभएको छ- भगवान बुद्धले सत्यए अहिंसाए सद्भाव अनि मानवता तथा सबै प्राणिहरु प्रति प्रेमको संदेश दिनुभएको छ। उहाले भन्नुभयो भगवान बुद्धको सहिष्णुताए आत्म-स्मरण तथा सदाचरणको शिक्षा सबैका लागि प्रेरणाको विषय हो। उप-राष्ट्रपति जगदीप धनखड़ले आफ्नो संदेशमा भन्नुभयो कि भगवान बुद्धको शिक्षाले- नैतिक आचरणए मानसिक अनुशासन अनि प्रज्ञावान जीवनको मार्ग प्रशस्त गर्दछ। उहाले भन्नुभयो बुद्धका चार **आर्य सत्यका** सिद्धांत अनि अष्टांगिक मार्गले मानिसहरुलाई करूणा अनि अहिंसाको प्रेरणा दिईन्दैछ। । विश्वभरिकै बौद्ध धर्म अवालाम्बीहरुका लागि बुद्ध पूर्णिमा एउटा ठुलो त्योहारको रुपमा मनाईन्छ। भारत, नेपाल, भूटान, म्यामांर थाइलैंड, तिब्बत, कोरिया, लाओस, वियतनाम मंगोलिया, कंबोडिया, सिंगापुर, इंडोनेशिया अनि श्रीलंकामा यो एउटा प्रमुख पर्व हो।

****** ० ******

**मिरिक बुद्ध जयन्ती**

**मिरिकमा पनि श्रद्धा अनि भक्तिको साथमा आज बुद्ध जयन्ती पालन गरियो।यहाँको गुम्बाहरूमा केही दिन अघिदेखि नै बुद्ध जयन्तीको पावन अवसरमा बुमपाठ शुरू भएको थियो भने आज बुद्ध जयन्ती पालन गर्दै धार्मिक**

**अनुष्ठानहरू गरियो।यस अवसरमा यहाँका गुम्बाहरूले लामाहरू अनि बाौद्ध धर्मावलम्बीहरूको साथमा पाोस्तक नगरपरिक्रमा गरायो अनि वाङ पनि वितरण गरियो।**

****** ० ******

**बुद्ध जयन्ती-खरसाङ**

खरसाङको मन्टिभियट रोडमा अवस्थित टाँसी साम्तेलिङ गुम्बामा आज तामाङ बुद्धिष्ट एसोसिएशनको आयोजनामा भगवान बुद्धको २५६८औं जन्म जयन्ती भव्य रूपमा पालन गरियो। खरसाङको मन्टिभियट रोडस्थित सन् १९२५ सालमा स्थापित तामाङ बुद्धिष्ट एसोसिएशनको टाँसी सामतेलिन गुम्बामा गत १७ मईदेखि सात दिवसीय पूजा भइरहेको थियो। आज अन्तिम दिन साथै भागवान बुद्धको जम्म जयन्तीमा भव्य कार्यक्रम आयोजनका साथै ऱ्याली निकालियो।यसपालीको बुद्ध जयन्ती समारोह शताब्दी (सय वर्ष) मा प्रवेश गरेकाले सात दिवसीय पूजा सँगसँगै रक्तदान शिविरए सेमिनारए संगोष्ठी र अन्य कार्यक्रमहरू गरिएको बताइएको छ। यस अवसरमा निकालिएको ऱ्यालीमा बुद्धिष्ट धर्मको धर्म पुस्तकए धर्म ध्वजहरू र बुद्धका मूर्ति लिएर मानिसहरुले परिक्रमा गरे भने ठाउँ ठाउँमा मानिसहरूले बौद्ध धर्म ग्रन्थलाई ढोक गर्दै आशिर्वाद लिए।

****** ० ******

**बुद्ध जयन्ती बाघडुग्रा**

**आज भगवान बुद्धको २५६८औं जन्म जयन्ती देश-विदेशका विभिन्न ठाउँहरूमा झै यताए बाघडुग्रामा पनि बौद्ध धर्मानुसार धार्मिक अनुष्ठानको साथमा बुद्ध जयन्ती पालन गरियो। आज बिहान बाघडुग्राको डाँडा गाउँस्थित बौद्ध गुम्बाबाट भगवान बुद्धको मूर्ति तथा बौद्ध धर्मग्रन्थ पोस्तकको साथमा एउटा धार्मिक रंगारंग शोभायात्रा निकालिइयो। उक्त शोभायात्राले बाघडुग्राको विभिन्न इलाकाको परिक्रमा गऱ्यो। यस अवसरमा धेरै संख्यामा बौद्ध धर्मावलम्बीहरूको उपस्थिति रहेको थियो।**

****** ० ******

**भारतीय दुतावास- बुद्ध जयन्ती नेपाल -1**

बुद्ध जयन्तीको शुभ अवसरमा नेपालको राजधानी काठमाड़ौ स्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयको सहयोगमा हिजो साँझ लुम्बिनीमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्यो। हिजो दिउँसो लुम्बिनी बौद्ध विश्वविद्यालयमा "बुद्ध धर्म र विश्वव्यापी शान्ति" सम्बन्धी शैक्षिक गोष्ठीको आयोजना गरियो जसमा भगवान बुद्धका शिक्षाहरूमाथि वक्ताहरूले गहन प्रकाश पारे। गोष्ठीमा भारत र नेपालका प्रख्यात बौद्ध विद्वानहरूले बुद्धको जीवनका विभिन्न पक्षहरूलाई उद्धृत गर्दै आधुनिक विश्वमा भगवान बुद्धका शिक्षाहरूको सान्दर्भिकता बारे आफ्ना अन्तर्दृष्टिहरूलाई साझा गरे। विद्वानहरूले भारत र नेपाल बीचको अतुलनीय र समृद्ध बौद्ध सम्बन्धमाथि विशेष प्रकाश पारे।लुम्बिनीमा बुद्ध जयन्ती मनाउने यस विशेष कार्यक्रमको केन्द्रविन्दुमा लुम्बिनी सांस्कृतिक नगरपालिकास्थित राजकुमार सिद्धार्थको प्रतिमाए सेक्रेड गार्डन नजिकै आयोजित चित्रकला प्रदर्शनी र सांस्कृतिक साँझ धेरै आकर्षणिय थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ‘भगवान बुद्ध र उहाँका शिक्षा’ सम्बन्धी चित्रकला प्रदर्शनीको उद्घाटन गर्नु भयो।

****** ० ******

**दुबई बुद्ध पूर्णिमा**

संयुक्त अरब अमीरातमा पनि बौद्ध धर्मआवलाम्बीहरुले श्रद्धा अनि उल्लास सित बुद्ध पूर्णिमा मनाईरहेका छन्। दुबईमा महामेवनावा बौद्ध मठ क्षेत्रमा लगभग पांच लाख मानिसहरु बस्ने गर्छन्। मठमा यस वर्ष विशेष प्रार्थना सभाए आठ उपदेशहरुको पालन माथि सत्रए महान बोधि वृक्ष नजिक अनुष्ठान अनि अनुयायिहरुका लागि प्रसाद वितरण गरियो।

****** ० ******

**चक्रवार्ती तूफान**

बंगालको खाड़ीमा बनेको चक्रवर्ती तूफान **रुमेल** बिस्तारै तिब्र बन्दै पश्चिम बंगाल अनि बांग्लादेशको तटीय छेत्रहरु तर्फ अघि बढ़न थालेको छ। मौसम विभाग को तर्फबाट दिईएको जानकारी अनुसार बंगालको खाड़ीमा निम्न दबाउ बढ़दै गैरहेको छ अनि आइतबार साझसम्म भीषण चक्रवाती तूफानको रूपमा बांग्लादेश अनि पश्चिम बंगालको छेउ-छाउको तटहरु सम्म पुग्नेछ फलस्वरूप तिब्र आंधी-तूफान सितै भारी वर्षा हुनेछ। हिंद महासागर क्षेत्रमा चक्रवातहरुको नामकरणको प्रणाली अनुसार यसलाई

**रुमेल** नाम दिईएको छ। यो भोलि शुक्रवार बिहान सम्म मध्य बंगालको खाड़ीमा दबावमा परिवर्तित हुनेछ ।मौसम विभागले आगामी २६ मईको दिन पश्चिम बंगालए उत्तरी ओडिशाए मिजोरमए त्रिपुरा अनि दक्षिण मणिपुरको तटीय जिल्लाहरुमा भारी वर्षा हुने चेतावनी दिईएको छ। राज्य सरकारले अघि बाटै सावधानी अपनाउन शुरू गरेको छ अनि पश्चिम बंगालको तटीय क्षेत्रहरुमा बसोबास गर्ने मानिसहरुलाई सुरक्षित स्थानहरुमा पुर्याउने कार्य गरिरहेको छ।

****** ० ******